नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय

(भर्ना तथा छनौट शाखा) हलचोक, स्वयम्भू काठमाडौं ।

## नयाँ भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/२१ गते, सूचना नं.:- **०४/०८०/८१**

सशस्त्र प्रहरी बल, नेपालमा रिक्त रहेको साधारण समूह, कानून उपसमूह, साधारण समूह, लेखा उपसमूह र प्राविधिक समूह (संचार तथा ईन्जिनियरिङ्ग) तर्फका देहायका पदहरुमा खुला प्रतियोगिताद्वारा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट अनलाईन मार्फत वा रु. १०/- को टिकट टाँसी स्वयं उपस्थित भई दरखास्त फाराम बुझाउन सकिने गरी यो दरखास्त आह्वान गरिएको छ ।

१. **दरखास्त लिने मितिः-** २०८१/०३/२१ गते, बिहान १०:०० बजे देखि २०८१/०४/२० गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८१।०४।२१ गतेदेखि मिति २०८१।०४।२७ गते कार्यालय समयसम्म ।

२. **सम्पर्क मिति समय र स्थानः-**
(क) अनलाईन मार्फत तोकिएको समय भित्र दरखास्त फाराम भरेका उम्मेदवारहरुले मिति २०८१/०४/२९ गते भित्र स्वयं उपस्थित भई सक्कलै दरखास्त फाराम बुझाउनु पर्नेछ ।
(ख) सम्पर्क मिति २०८१/०४/३१ गते सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

३. **दरखास्त फाराम बुझाउने स्थानः-** सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय, भर्ना तथा छनौट शाखा, हलचोक ।

४. **आवश्यक पद संख्याः-**

| सि.नं. | पद | विज्ञापन नं. | खुला | अमर/अशक्त स.प्र.क. सन्तति | समावेशी | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ/ज | मधेसी | दलित | पि.क्षे. | |
| क. | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) | १५/०८०/८१ | ५ | - | १ | १ | १ | - | - | **८** |
| ख. | सशस्त्र प्रहरी निरीक्षक (लेखा उपसमूह) | १६/०८०/८१ | १५ | १ | २ | ४ | ४ | २ | १ | **२९** |
| ग. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Mechanical/Automobile Engineer) | १७/०८०/८१ | २ | - | - | - | १ | - | - | **३** |
| घ. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Computer Engineer) | १८/०८०/८१ | १ | - | - | १ | १ | - | - | **३** |
| ङ. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Electronics & Telecommunication Engineer ) | १९/०८०/८१ | १ | - | - | १ | १ | - | - | **३** |
| च. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Civil Engineer) | २०/०८०/८१ | १ | - | - | - | १ | - | - | **२** |

५. **नियुक्ति हुनको लागि आवश्यक योग्यताः-**

| सि.नं. | दर्जा | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| क. | सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) | क. विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पुरा गरी २५ वर्ष ननाघेको, (जन्म मिति २०६०।०३।२१ देखि २०५६।०३।२१ गतेसम्म),<br>ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातक उपाधि प्राप्त गरी नेपाल कानून व्यवसायी परिषद्बाट अधिवक्ताको प्रमाणपत्र प्राप्त गरेको,<br>ग. पुरुषको हकमा उचाई कम्तीमा पाँच फिट दुई इन्च र तौल कम्तिमा ५० के.जी. तथा महिलाको हकमा उचाई कम्तीमा पाँच फिट र तौल कम्तिमा ४२ के.जी. भएको,<br>घ. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,<br>ङ. पुरुषको हकमा छाती नफुलाउँदा कम्तीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको (महिलाको लागि नपर्ने), |

| | | |
|---|---|---|
| | | च. आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>छ. प्रधान कार्यालयले तोकेको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षाको क्रममा सञ्चालन हुने),<br>ज. आफूले अध्ययन गरेको शिक्षण संस्था र आफ्नो नातेदार बाहेकका अन्य दुई जना नेपाल सरकारको बहालवाला राजपत्राङ्कित अधिकृतबाट राम्रो चरित्रको सिफारिस पाएको,<br>झ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,<br>ञ. दरखास्त दिंदाका बखत राजनीतिक दलको सदस्य नरहेको,<br>ट. आतङ्ककारी संगठनको सदस्य नरहेको,<br>ठ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>ड. मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>ढ. नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको । |
| ख. | सशस्त्र प्रहरी निरीक्षक (लेखा उपसमूह) | क. मान्यता प्राप्त विश्वविद्यालयबाट लेखा विषय सहित व्यवस्थापन वा वाणिज्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,<br>ख. सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) पदका लागि तोकिए बमोजिम (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| ग. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Mechanical/ Automobile Engineer) | क. विज्ञापन प्रकाशित भएको दिन २१ वर्ष पूरा भई ३० वर्ष ननाघेको (जन्म मिति २०६०।०३।२१ देखि २०५१।०३।२१ गतेसम्म),<br>ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उपाधि प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ग. आँखा माईनस २.५ वा प्लस २.५ भन्दा बढी कमजोर नभएको,<br>घ. सशस्त्र प्रहरी निरीक्षक (कानून उपसमूह) पदका लागि तोकिए बमोजिम (क), (ख) र (च) बाहेक अन्य योग्यता पूरा भएको । |
| घ. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Computer Engineer) | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उपाधि प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ख. प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Mechanical/Automobile Engineer) पदका लागि तोकिए बमोजिम (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| ङ. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Electronic & Tele communication Engineer ) | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उपाधि प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ख. प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Mechanical/Automobile Engineer) पदका लागि तोकिए बमोजिम (ख) बाहेक अन्य योग्यता पूरा भएको । |
| च. | प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Civil Engineer) | क. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरह उपाधि प्राप्त गरी नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको,<br>ख. प्राविधिक सशस्त्र प्रहरी निरीक्षक (Mechanical/Automobile Engineer) पदका लागि तोकिए बमोजिम (ख) बाहेक अन्य योग्यता पूरा भएको । |

**६. राजश्व दस्तुरः-**

| सि.नं. | पद | दस्तुर |
|---|---|---|
| क. | सशस्त्र प्रहरी निरीक्षक /प्राविधिक सशस्त्र प्रहरी निरीक्षक | दरखास्त फाराम बुझाउँदा रु. १२००।- (एक हजार दुई सय) बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ समेतको दरखास्त फाराम बुझाउँदा थप समूहको लागि प्रति समूह परीक्षा दस्तुरको २०% (रु. २४०।-) थप दस्तुर बुझाउनु पर्नेछ एवं उक्त दस्तुर वापतको शुल्क **सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालयमा रहेको राजश्व खाता नं. १०००१००२०००१००००**, कार्यालय **कोड ३१४०५३५०७, राजश्व शिर्षक नं. १४२२४ मा** जम्मा गर्नु भई सो को सक्कल भौचर १ प्रति दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ । दोब्बर दस्तुरको हकमा रु. २४००।- (दुई हजार चार सय) र समावेशी समूहतर्फ थप समूहको प्रति समूह रु. ४८०।- (चार सय असी) बुझाउनु पर्नेछ । |

७. **दरखास्तसाथ विज्ञापनमा उल्लेख भएका देहायका कागजातहरु सक्कलै प्रति साथमा ल्याई उम्मेदवार आफैले प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ, केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्य हुने छैन ।**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ख) हालसालै खिचेको पासपोर्ट साइजको दुवै कान देखिने फोटो ३ (तीन) प्रति ।

(ग) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कसिट सहित तथा नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate) ।

(घ) **अमर/अशक्त सशस्त्र प्रहरी कर्मचारीहरुको सन्तति**हरुको लागि अमर/अशक्त भएको पुष्टि हुने कागजपत्र र नाता प्रमाणित कागजपत्र १ (एक) प्रति ।

(ङ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

(छ) **दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित पत्रको प्रतिलिपि १ (एक) प्रति ।

(ज) **पिछडिएका क्षेत्रका** लागि **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला** जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने सिफारिस गरिएको पत्रको सक्कल प्रति ।

८. **परीक्षा विधिः-**

(क) प्रारम्भिक शारीरिक परीक्षण
(ख) शारीरिक सहिष्णुता परीक्षा
(ग) विस्तृत स्वास्थ्य परीक्षण
(घ) लिखित परीक्षा
(ङ) गुणमापक परीक्षा (कानून र लेखा उपसमूहतर्फको स.प्र.नि. पदको लागि मात्र)
(च) विशेष स्वास्थ्य परीक्षण
(छ) अन्तर्वार्ता

**पुनश्चः-**

(क) रित नपुगेका र म्याद भित्र राजश्व दस्तुर नतिरेका दरखास्त फाराम दर्ता हुने छैन ।

(ख) अनलाईन मार्फत म्याद भित्र दरखास्त फाराम दर्ता गराईएका उम्मेदवारहरुले आफूले फाराम दर्ता गराए पश्चात मिति २०८१/०४/२९ गते भित्र दरखास्त फाराम डाउनलोड गरी बुँदा नं. ७ मा उल्लेख भए अनुसार सम्पूर्ण कागजातहरुका साथ रु.१० को टिकट टाँस गरी अनिवार्य रुपमा उम्मेदवार स्वयं उपस्थित भई प्रवेश पत्र लिनु पर्नेछ । (**यदि उल्लेखित मितिमा उपस्थित नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।**)

(ग) उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेश पत्र र नागरिकताको सक्कल प्रति साथमा लिएको हुनु पर्नेछ ।

(घ) प्रत्येक चरणको परीक्षा समाप्ति पश्चात नतिजा प्रकाशन गरिने छ, उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(ङ) परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशीतर्फ एउटै परीक्षा सञ्चालन गरिने छ र निजहरुले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फ उम्मेदवारहरु बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(च) बुदा नं. ६ मा उल्लिखित राजश्व दस्तुरको अतिरिक्त उम्मेदवारहरुको विस्तृत र विशेष स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम थप दस्तुर लाग्नेछ ।

(छ) **बुँदा नं. ८ (घ) मा उल्लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।**

(ज) लिखित र अन्तर्वार्ता परीक्षाको नतिजा निम्नानुसारको क्रममा प्रकाशन गरिनेछ ।

(क) खुला
(ख) महिला
(ग) आदिवासी/जनजाती
(घ) मधेसी
(ङ) दलित
(च) पिछडिएको क्षेत्र
(छ) अमर/अशक्त स.प्र.क. सन्तति

(झ) प्रारम्भिक शारीरिक परीक्षणको बखत आउँदा उम्मेदवारहरुले अनिवार्य रुपमा दुवै कान देखिने गरी कपाल छोटो काटेको हुनु पर्नेछ (पुरुषको लागि मात्र) ।

(ञ) छनौट परीक्षाको अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार उम्मेदवार स्वयं हुनेछ ।

(ट) नियुक्ति पाए पछि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयबाट निर्धारण गरेको पाठ्यक्रम अनुसारको सम्बन्धित दर्जाको आधारभूत तालिम गर्नु पर्नेछ ।

**नोटः-**

(१) सशस्त्र प्रहरी सेवाका राजपत्र अनङ्कित कर्मचारीहरुको हकमा ३० (तीस) वर्ष (जन्म मिति २०५१।०३।२१ गतेसम्म) ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछन् । त्यस्ता विभागीय उम्मेदवारहरुको हकमा सम्बन्धित दर्जाको आधारभूत तालिम अनिवार्य सम्पन्न गरेको हुन पर्नेछ र सम्बन्धित कार्यालयबाट बिभागिय सजायको प्रक्रियामा भए/नभएको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) अनलाइन माध्यमबाट दरखास्त फाराम भर्नका लागि उम्मेदवारहरुले ***https://bharna.apf.gov.np/*** पोर्टलमा गई दरखास्त फाराम भर्न सकिनेछ । Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं. ९८५१२७२५८४ मा सम्पर्क गर्न सकिनेछ ।

(३) सम्बन्धित पदहरुको पाठ्यक्रम, दरखास्त फाराम, अनलाईन आवेदन दिने पोर्टल तथा परीक्षा सञ्चालन हुने मिति, समय, स्थान र परीक्षाको नतिजा लगायतका विवरणहरु सशस्त्र प्रहरी बल, नेपालको वेभ साईट ***www.apf.gov.np***, टोल फ्रि नं. १११४ एवं आधिकारिक ***Facebook Page: Armed Police Force, Nepal*** बाट समेत जानकारी लिन सकिनेछ ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय,
मानवश्रोत विभाग, मानवश्रोत निर्देशनालय,
**भर्ना तथा छनौट शाखा,**
हलचोक, काठमाडौं ।